# राजनीतिक अस्थिरताको संशय

नेपाल मानव अधिकार वर्ष पुस्तकको ३० औँ श्रृङ्खला यहाँहरूसमक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकमा भएका मुख्य परिवर्तन, त्यसक्रममा देखिएका उतारचढाव तथा महत्त्वपूर्ण घटनाक्रमलाई समेत समेट्ने गरेको छ। राज्यका निकायले समेत आधिकारिक प्रमाणका लागि वर्ष पुस्तकलाई नै आधार मान्दै आएका छन्। त्यस्तै, अन्तर्राष्ट्रियस्तरबाट समेत नेपालको मानव अधिकार अवस्था विश्लेषणका लागि मानव अधिकार वर्ष पुस्तकलाई प्रमाणिक दस्तावेज मानिनु इन्सेकको इमान्दार प्रयासप्रति प्राप्त न्यायका रूपमा बुझेका छौँ। हामीले मानव अधिकारको समग्र स्थितिको अभिलेख जारी गर्नुको अभिप्राय ती सूचनाले नागरिकको मर्यादा र स्वतन्त्रताको रक्षाका लागि नागरिक र राज्यको तहमा सचेत पहल गर्ने चेत बढोस् भनेर नै हो।

दश वर्ष लामो सशस्त्र द्वन्द्व, सङ्कटकाल तथा कोरोना महामारीको कठिन परिस्थितिमासमेत नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन गर्न हामी सक्षम भएका छौँ। कोरोना–१९ बाट इन्सेक प्रतिनिधि तथा नेपाल मानव अधिकार वर्ष पुस्तकसँग सम्बन्धित सहकर्मीहरू सङ्क्रमित भए। यस कठिन परिस्थितमा पनि हामीले वर्ष पुस्तक प्रकाशन गर्न सक्यौँ।

तीनै तहको निर्वाचन भई देशमा बहुमत प्राप्त सरकार गठन भएपछि राजनीतिक स्थायित्वतर्फ देश गएको ठानिएको थियो। तर, दुई तिहाई नजिक भएको सङ्घीय संसद यसबीचमा दुईदुई पटक विघटन भयो। सर्वोच्च अदालतबाट पुर्नस्थापित भएको संसदले गठबन्धनको सरकार निर्माण गरे पनि संसद बैठक बस्न र नियमित आफ्नो काम गर्न सकेन। ६ वटा प्रदेश सरकार पनि परिवर्तन भए भने प्रदेश प्रमुख पनि पटक पटक फेरिए। यसले नेपालको राजनीतिमा कायम रहेको अस्थिरतालाई थप मलजल गर्‍यो। न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिकाबीचको शक्ति सन्तुलन धरमराएको देखियो। एकअर्काको कार्यक्षेत्रमा हस्तक्षेपका घटनाहरू सार्वजनिक भए। यी घटनाक्रमले राजनीतिक अस्थिरताको संशय पैदा भयो।

कोभिड–१९ को महामारी यो वर्ष पनि कायमै रह्यो। विश्व स्वास्थ्य सङ्गठनले कोरोनाको दोस्रो लहरको रूपमा नामाकरण गरेको डेल्टा भाइरसको यो लहरमा अघिल्लो वर्षको तुलानामा दुईगुणा बढीको मृत्यु भयो। कोरोना भाइरसको दोस्रो लहर नेपालमा पनि आउने सम्भावना विश्व स्वास्थ्य सङ्गठन र स्वास्थ्य मन्त्रालयले पहिलेदेखि नै प्रक्षेपण गरेको भए पनि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पूर्व तयारी गरेको पाइएन। कोभिड–१९ सङ्क्रमणको दोस्रो लहरमा सर्वसाधारणले अस्पतालमा बेड नपाएर, अक्सिजन नपाएर अनि समयमै अस्पतालमा भर्ना नपाएर ज्यान गुमाउनु पर्ने अवस्था सिर्जना भयो। प्रादेशिक अस्पताल, पोखरामा अक्सिजन अभावले एकै समयमा ६ जनाले ज्यान गुमाए। देशको राजधानी काठमाडौँमा पनि कोरोनाका बिरामी अस्पतालमा बेड नपाएर केही प्राङ्गणमा उपचार गराउन बाध्य भए भने केही अस्पताल खोज्दाखोज्दै मृत्युको मुखमा पुग्न बाध्य भए। जिम्मेवार निकाय गैरजिम्मेवार बनिरहे। सरकारले जनताको स्वास्थ्यको नाममा पठाएको रकमको दुरूपयोग भएको घटना पनि बाहिर आए। निजी स्वास्थ्य संस्थाले कोरोनाका बिरामीको उपचारमा लाखौँ रकम असुलेको सार्वजनिक भइरहँदा पनि कुनै सरकारी निकायले त्यससम्बन्धमा कारबाही प्रकृया अगाडि बढाएको पाइएन। यसले सरकारी अकर्मण्यता उदाङ्गो पार्‍यो।

कोभिड–१९ को सङ्क्रमणका कारण भौतिक उपस्थितिमा अध्ययन अध्यापन हुन सकेन। भर्चुअल माध्यमबाट पठनपाठन अघि बढाइएको भने पनि धेरै विद्यार्थी सो पहुँचबाट बाहिर रहेको

पाइयो। महामारीका कारण बेरोजगार हुनेको सङ्ख्या बढेको तथा पेसाबाट पलायन हुनुपर्ने अवस्था सृजना भयो। सरकारले जोखिममा परेको वर्ग तथा समुदायको उत्थानका लागि प्रभावकारी कार्यक्रम ल्याउन सकेको पाइएन।

गत वर्षदेखि हिरासतमा हुने यातना तथा हत्याका घटना अलि बढी अभिलेख हुन थालेका छन्। हिरासतमा हुने मृत्यु तथा आत्महत्याका घटनाको प्रभावकारी अनुसन्धान भएको पाइएन। धेरैजसो घटनामा आत्महत्या गरेको भनियो। जबकी २४ घण्टा प्रहरीको निगरानी रहने भनिएको हिरासतमा भएको आत्महत्याका घटना यदि भएकै हो भने पनि प्रहरीको लापरबाहीको पराकाष्ठा हो भने यस्ता घटनाप्रतिको उत्तरदायित्बाट पन्छिने खतरनाक प्रवृत्ति मौलाउनु पक्कै पनि सुखद विषय होइन। कारागारमा हुने मृत्यु र त्यस्ता घटनाप्रति बेवास्ता बढ्दै गएको पाइयो। जेल सुधार सम्बन्धमा अनेकौँ प्रतिबद्धताका बाबजुद क्षमताभन्दा बढी कैदीबन्दी राखिने, नाइके तथा भाइ नाइकेबाट कैदी बन्दीमाथि हुने दुर्व्यवहार तथा शोषणका घटना तथा अन्य अनेक समस्या समाधानका सवालमा पहलकदमी लिइएको पाइएन।

महिला, बालकालिका तथा सीमान्तकृत समुदायमाथिको विभेद तथा हिंसाका घटनाका विभिन्न रूपहरू सार्वजनिक भए। यस्ता घटनामा संलग्नलाई कानुनको दायरामा ल्याइएको भए पनि समाजमा व्याप्त गरिबी, अशिक्षा तथा जनचेतनाका कारण घटनामा कमी आउन नसकेको वर्षपुस्तकमा अभिलेख भएका घटनाहरूले देखाएको छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी निकायहरू आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्षम भएनन्। न्यायका लागि सत्यको उद्घाटन गर्ने र परिस्थितिजन्य प्रमाणसहित परिपूरणको सिफारिस गर्ने मुख्य जिम्मेवारी पाएका आयोगहरूले वर्षभरि नै खासै प्रगतिमूलक कार्य गर्न सकेको विवरण सार्वजनिक भएन।

गत वर्षदेखि जारी कोरोना सङ्क्रमण र त्यसका कारण न्यायालयका गतिविधि पनि प्रभावित भए। देशभरका जिल्ला अदालतले यस वर्ष गरेका फैसलाको सङ्ख्या अति नै कम देखियो। कतिपय जिल्लामा त महिला र बालबालिकामाथि भएका घटनाको अन्तिम फैसला आएन। ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हो भन्ने मान्यतालाई मलजल पुग्ने गतिविधि भएको आभास भयो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ले सन् २०२१ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकार स्थितिको आकलन गरेको छ। विषयहरू सान्दर्भिक होउन् भनेर ख्याल गरेका छौँ। विगत वर्षहरूमा जस्तै इन्सेक प्रतिनिधिले प्राथमिक स्रोतबाट सूचना सङ्कलन गरेका छन्। आमनागरिक, सबै मानव अधिकारकर्मी, स्थानीय प्रशासन र सञ्चार लगायतका क्षेत्रको आत्मीय सहयोगले गर्दा मात्र यो प्रकाशनले निरन्तरता पाउन सकेको हो। हाम्रो यो प्रयासको सुरुवातदेखि नै नर्वेजियन सरकारको सहयोग रहेको छ। ३० वर्षसम्म हामीसँग निरन्तर साझेदारी गर्ने नर्वेजियन दूतावास तथा अन्य दाताहरूप्रति विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु। हरेक वर्ष नेपालको प्रजातन्त्र दिवसका दिन, फागुन ७ गते विमोचन हुने यो पुस्तक प्रकाशनका लागि अहोरात्र खटिनु हुने इन्सेक परिवारका सम्पूर्ण सदस्यहरू, सचिवालयलाई सहजीकरण गर्नुहुने कार्यसमितिका सदस्यज्यूहरू सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२०७८ फागुन ७

**डा. इन्दिरा श्रेष्ठ**
अध्यक्ष